आठविसकोट नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

आठविसकोट, रुकुम पश्चिम

## ५५ औं नगर कार्यपालिकाको बैठकमा प्रस्तुत भएका प्रस्तावहरु

| क्र.सं. | प्रस्तावको विवरण | कैफियत |
|---|---|---|
| १ | आ.व. २०७७/०७८ को समपुरक अनुदान तथा विशेष अनुदानको लागि आयोजना छनोट सम्बन्धी प्रस्ताव | |
| २ | भूमी बैंक सञ्चालन सम्बन्धी प्रस्ताव | |
| ३ | गरिबि निवारणका लागि लघुउद्यम विकास (मेड्पा) कार्यक्रम सञ्चालनका लागि स्थान तथा कार्यक्रम छनोट सम्बन्धी प्रस्ताव | |
| ४ | विविध समसामयिक विषयहरु सम्बन्धी प्रस्ताव | |

आठबिसकोट नगर कार्यपालिकाको ५४ औं बैठक मिति २०७७ पुष १३ गतेका दिन नगर प्रमुख श्री गोर्ख बहादुर केसीको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक हलमा बस्यो । उक्त बैठकमा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीयो ।

| | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | गोर्ख बहादुर के.सी. | नगर प्रमुख | | |
| २ | गीता नेपाली | नगर उप प्रमुख | | |
| ३ | ध्रुवप्रसाद [illegible] | प्र.प्रशा.अधिकृत | | |
| ४ | टेक बहादुर खत्री | वडाध्यक्ष - १ | | |
| ५ | टेक बहादुर घर्ती | वडाध्यक्ष - २ | | |
| ६ | केशरमान वि.क | वडाध्यक्ष - ३ | | |
| ७ | बाबुराम विष्ट | वडाध्यक्ष - ४ | | |
| ८ | फुलिने कामी | वडाध्यक्ष - ५ | | |
| ९ | डिल्ल बहादुर सार्की | वडाध्यक्ष - ६ | | |
| १० | नवराज बुढा | वडाध्यक्ष - ७ | | |
| ११ | मान बहादुर चदारा | वडाध्यक्ष - ८ | | |
| १२ | तारक बहादुर शाही | वडाध्यक्ष - ९ | | |
| १३ | गंगाराम चदारा | वडाध्यक्ष - १० | | |
| १४ | हस्ते आग्री | वडाध्यक्ष - ११ | | |
| १५ | सुम्मे कुमारी | वडाध्यक्ष - १२ | | |
| १६ | विनोद पुन | वडाध्यक्ष - १३ | | |
| १७ | हुकुम बहादुर पुन | वडाध्यक्ष - १४ | | |
| १८ | धनराम परियार | कार्यपालिका सदस्य | | |
| १९ | प्रियंका थरी | कार्यपालिका सदस्य | | |
| २० | प्रभा मल्ल वि.क | कार्यपालिका सदस्य | | |
| २१ | मनकली कामी | कार्यपालिका सदस्य | | |
| २२ | गोरख बहादुर कामी | कार्यपालिका सदस्य | | |
| २३ | कल्पना खड्का | कार्यपालिका सदस्य | | |
| २४ | सिता शाह | कार्यपालीका सदस्य | | |
| २५ | आसिराम वि.क. | कार्यपालीका सदस्य | | |

अन्य उपस्थितीहरु

| | | | | |
|---|---|---|---|---|
| १ | मानबहादुर बुढाथोकी | प्रशासन अधिकृत | | |
| २ | जय बहादुर बुढा | प्रशासन सहायक | | |
| ३ | गणेश चन्द | सुचनाप्रविधि अधिकृत | | |
| ४ | गुरे दमाई | ना.सु. | | |
| ५ | | | | |
| ६ | | | | |

आठविसकोट नगर कार्यपालिकाको ५४ औं बैठकको (तेस्रो बैठक) मिति २०७७ पुस २१ गतेका दिन नगर प्रमुख श्री गोर्ख बहादुर केसीको अध्यक्षतामा देहायका सदस्यहरुको उपस्थितीमा नगर कार्यपालिकाको बैठक हलमा बस्यो । उक्त बैठकमा देहायका प्रस्तावहरु निर्णयार्थ पेश गरीयो ।

| | नाम, थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | गोर्ख बहादुर के.सी. | नगर प्रमुख | | |
| २ | गीता नेपाली | नगर उप प्रमुख | | |
| ३ | ध्रुब प्रसाद लम्साल | नि.प्र.प्रशा.अधिकृत | | |
| ४ | देव बहादुर घर्ती | वडाध्यक्ष - १ | | |
| ५ | देव बहादुर यरी | वडाध्यक्ष - २ | | |
| ६ | केशरमान वि.क | वडाध्यक्ष - ३ | | |
| ७ | वाबुराम विष्ट | वडाध्यक्ष - ४ | | |
| ८ | प्रजिते कामी | वडाध्यक्ष - ५ | | |
| ९ | डिल बहादुर सार्की | वडाध्यक्ष - ६ | | |
| १० | नवराज बुढा | वडाध्यक्ष - ७ | | |
| ११ | मान बहादुर चदारा | वडाध्यक्ष - ८ | | |
| १२ | तारक बहादुर शाही | वडाध्यक्ष - ९ | | |
| १३ | गंगाराम चदारा | वडाध्यक्ष - १० | | |
| १४ | हस्ते आग्री | वडाध्यक्ष - ११ | | |
| १५ | खुम्मे कुसारी | वडाध्यक्ष - १२ | | |
| १६ | विनोद पुन | वडाध्यक्ष - १३ | | |
| १७ | हुकुम बहादुर पुन | वडाध्यक्ष - १४ | | |
| १८ | धन्नाम परियार | कार्यपालिका सदस्य | | |
| १९ | प्रियंका यरी | कार्यपालिका सदस्य | | |
| २० | प्रभा मल्ल वि.क | कार्यपालिका सदस्य | | |
| २१ | मनकली कामी | कार्यपालिका सदस्य | | |
| २२ | गोरख बहादुर कामी | कार्यपालिका सदस्य | | |
| २३ | कल्पना खड्का | कार्यपालिका सदस्य | | |
| २४ | सिता शाह | कार्यपालीका सदस्य | | |
| २५ | आर्सिराम वि.क. | कार्यपालीका सदस्य | | |

अन्य उपस्थितीहरु

| | | | | |
|---|---|---|---|---|
| १ | जय बहादुर बुढा | प्रशासन सहायक | | |
| २ | मानु ब. कुलाचोडी | अधिकृत छैठौं | | |
| ३ | चन्द्र शाही | डा.स | | |
| ४ | नरेन्द्र कुमार | स.क.अ | | |
| ५ | | | | |
| ६ | | | | |

## ५५ औं नगर कार्यपालिका (मिति २०७७/०९/१३ गते) बैठकका निर्णयहरु:

१. आ.व. २०७८/७९ का लागि यस नगरपालिकाबाट देहायमा उल्लेखित योजना/आयोजनाहरु संघीय समपुरक तथा विशेष अनुदानका अन्तरगत सिफारिस गरी राष्ट्रिय योजना आयोगमा लेखि पठाउने निर्णय गरीयो ।

तपसिल

| क सं | अनुदानको किसिम | आयोजनाको नाम | कार्यान्वयन स्थल | लागत अनमान | कैफीयत |
|---|---|---|---|---|---|
| १ | समपुरक अनुदान | नगरपालिकाको सडक गुरुयोजना(MTMP)मा समावेश गरीएका सडकहरुको स्तरोन्नती | नगरपालिका क्षेत्रभरी | २ करोड ५० लाख | |
| २ | विशेष अनुदान | नगरपालिकाका विभिन्न विद्यालयहरुको भौतिक पूर्वाधार विकास | नगरपालिका क्षेत्रभरी | १० करोड | |

२. भुमि बैंक सम्बन्धी प्रस्ताव उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र जमिन बाँझो रहन नदिन, बाँझो जमिनलाई उत्पादनमा लगाउन, उत्पादन वृद्धि गर्न, जमिन उपयोगमा नरहेको जग्गा जमिन न्यून आय भएका गरिब, किसान तथा सिमान्तकृत परिवारलाई निश्चित शर्त र सुविधासहित उपयोग गर्न दिन र त्यस्ता परिवारहरुको आयस्तर र गणस्तरमा सुधार ल्याउन, निश्क्रिय भूमिको उपयोग मार्फत वैदेशिक रोजगारीबाट फर्केका लगायत ग्रामिण यूवाहरुको लागि स्थानिय स्तरमा रोजगार सिर्जना गर्न, सहकारी खेती, सामुहिक खेती मार्फत व्यावसायिक उत्पादनलाई प्रोत्साहन गर्ने र उत्पादनको बजारीकरणमा सहयोग पुऱ्याउन यस नगरपालिकामा एक भूमि बैंक सञ्चालन गर्न भूमिसम्बन्धी समस्या समाधान आयोगसँग समझदारीका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

३. प्रधानमन्त्री रोजगार अन्तरगत यस नगरपालिकाको रोजगार सेवाकेन्द्रमा हालसम्म १८४० जनाको नाम इन्ट्री भएकोमा ४२१ जनालाई मात्र पुग्ने गरी बजेट प्राप्त भएको छ । यस नगरपालिका भौगोलिक रुपमा विशाल क्षेत्रमा फैलिएको र कुल जनसंख्याको करिब ५१ प्रतिशत गरिबिको रेखामूनी रहेको र दलित विपन्न समुदायको सघन बसोबास रहेको सन्दर्भमा नगरपालिकाको रोजगार सेवा केन्द्रमा बेरोजगारको सुचीमा नाम समावेश भएका सबैलाई न्यूनतम १०० दिनको रोजगारी हुने गरी थप बजेट मागका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई लेखि पठाउने निर्णय गरीयो ।

| वडा नं | क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | बेरोजगार संख्या (जना) |
|---|---|---|---|---|
| १ | १ | रातामाता उदिने थुम घोरेटो बाटो निर्माण | ३६१,९००.०० | ७ |
| | २ | बागडाँडा कुजा चाल्ने सिस्ने घोरेटो बाटो | २५८,५००.०० | ५ |
| | ३ | शाईकुमारी मा वि पुर्वाधार सुधार तथा टहरा निर्माण | ४६५,३००.०० | ९ |
| | ४ | मनाखोला मोराना-घोरेटो बाटो निर्माण | १५५,१००.०० | ३ |
| २ | १ | स्याला पाहाडा घोडेटो बाटो निर्माण तथा बाटो सोलिङ | ६२०,४००.०० | १२ |
| | २ | साविक गाविस भवन, स्याला पाहाडा चर्च घेराबार निर्माण | ३१०,२००.०० | ६ |
| ३ | १ | चर्च निर्माण | ७७५,५००.०० | १५ |
| | २ | श्री हिमालय मा वि घेरावार र मञ्च निर्माण | ३६१,९००.०० | ७ |
| | ३ | सामुदायिक भवन निर्माण पाटागाँउ | ३६१,९००.०० | ७ |
| | ४ | बुराल मष्ट मन्दिर निर्माण | ३१०,२००.०० | ६ |
| | ५ | नेटीलेख फोन टावर घर निर्माण | १५५,१००.०० | ३ |
| | ६ | खानेपानी निर्माण तथा मर्मत | २५८,५००.०० | ५ |
| | ७ | लामातार सिंचाई निर्माण | ५१७,०००.०० | १० |
| | ८ | सौर्य घट्ट निर्माण पाटागाउ | १५५,१००.०० | ३ |
| ४ | १ | कालापानीशिल्पाधारा सडक- मर्मत | ५१७,०००.०० | १० |
| ५ | १ | सरस्वती मावि मिग्री पुर्वाधार सुधार | ७७५,५००.०० | १५ |
| | २ | ठुलेखाली पाटाखाली गुर्मा खोला मरिगाँउ घोरेटो बाटे निर्माण | १५५,१००.०० | ३ |

| | | | | |
|---|---|---|---|---|
| ६ | १ | भगवती मन्दिर संरक्षण | २०६,८००.०० | ४ |
| | २ | होली सिंचाई मर्मत | ५१७,०००.०० | १० |
| ७ | १ | जनज्योती आ वि भौतिक पुर्वाधार सुधार | ५१७,०००.०० | १० |
| | २ | हिमालय मा वि दाजे भौतिक पुर्वाधार सुधार | ५१७,०००.०० | १० |
| | ३ | चर्चको भौतिक पुर्वाधार सुधार | ३१०,२००.०० | ६ |
| ८ | १ | हिमालय मा वि दाजे भौतिक पुर्वाधार सुधार | १,०३४,०००.०० | २० |
| ९ | १ | धपसेकटेली सडक-जालडाइना- | ८७८,९००.०० | १७ |
| | २ | राडीपाखाइड्जाखोला तटबन्धन-कटेली- | ५१७,०००.०० | १० |
| | ३ | पुलबजारवादी नमुना वस्ती सडक निर्माण तथा घेराबार-राडी- | ५६८,७००.०० | ११ |
| १० | १ | भयाउने माझगाउँ सडक निर्माण | १०३,४००.०० | २ |
| | २ | शाईराम आवि भौतिक पुर्वाधार सुधार | २०६,८००.०० | ४ |
| | ३ | मैडाँडा चर्च, झिन्चौर माइका थान तथा विष्मकली जलधारा निर्माण | १५५,१००.०० | ३ |
| | ४ | भयाउने खापे सडक निर्माण | २०६,८००.०० | ४ |
| | ५ | घोरीलास भलाखोला झिन्चौर घोरेटो बाटो निर्माण | १५५,१००.०० | ३ |
| ११ | १ | गोइरी झ्यारम खोला सडक- | ५१७,०००.०० | १० |
| | २ | जनकल्याण मा वि पूर्वाधार सुधार | ६७२,१००.०० | १३ |
| | ३ | धारकम्द दलित जनविकास- माझगाउँ सडक निर्माण | २०६,८००.०० | ४ |
| | १ | पोखरा कोरल लामपुजा सडक | ५१७,०००.०० | १० |



आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय (पश्चिम) आठबिसकोट, रुकुम कर्णाली प्रदेश, नेपाल २०७३

निमित्त प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १२ | २ | पुजाखोला प्रतिक्षालय निर्माण | १०३,४००.०० | २ |
| | ३ | स्यानीबार्खु चर्चको पुर्वाधार सुधार | १०३,४००.०० | २ |
| | ४ | स्यानीबार्खु मसानघाट प्रतिक्षालय | १०३,४००.०० | २ |
| | ५ | ने रा मा वि फिल्ड निर्माण | २०६,८००.०० | ४ |
| १३ | १ | जनजागरण मा वि पुर्वाधार सुधार | ६२०,४००.०० | १२ |
| १४ | १ | श्री जनविकास मा वि टाकुरा फिल्ड निर्माण | ४६५,३००.०० | ९ |
| | २ | लालीगुराँस आ वि सवारी घेरावार | २०६,८००.०० | ४ |
| | ३ | वालहित आ वि ज्यामिरकोट भवन मर्मत | १५५,१००.०० | ३ |
| | ४ | मराई टोल सिंचाई योजना मर्मत | १०३,४००.०० | २ |
| | ५ | तिर्सी खोला काठे पुल निर्माण | १०३,४००.०० | २ |
| कुल जम्मा | | | १६,५४४,०००.०० | ३२० |

४. प्रधानमन्त्री रोजगार कार्यक्रम (यूवा रोजगारका लागि रुपान्तरण पहल कार्यक्रम) अन्तरगत प्राप्त बजेट देहाय बमोजिम विनियोजन गर्ने निर्णय गरियो।

| क.सं. | योजना/आयोजनाको नाम | स्थान | बजेट | बेरोजगार संख्या |
|---|---|---|---|---|
| १ | गिजागार खोला तटबन्धन | नगरपालिका भवन नजिक | ९८२,३००.०० | १९ |
| २ | खेल मैदान निर्माण | ७ नंवडा . | ५१७,०००.०० | १० |
| ३ | जनविकास मावि भौतिक पुर्वाधार विकास | १०नं वडा | ९८२,३००.०० | १९ |
| ४ | साजेबगर प्रस्तावित मावि फिल्ड निर्माण | २ नं वडा | १,३९५,९००.०० | २७ |
| ५ | नेरामावि ठुलीवार्खु फिल्ड निर्माण | १२ नं वडा | ५१७,०००.०० | १० |



आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल

ध्रुव प्रसाद लम्साल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

ध्रुव प्रसाद लम्साल
निमित्त प्रमुख प्रशासकीय अधिक

| | | | | |
|---|---|---|---|---|
| ६ | जनजागरण मावि घेत्मा गाउँबारी भौतिक पूर्वाधार सुधार | १३ नं वडा | ७७५,५००.०० | १५ |
| कुल जम्मा | | | ५,१७०,०००.०० | १०० |

५. आ.व. २०७७/०७८ मा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत संघीय सरकारको बजेट श्रोतबाट पूर्वाधार निर्माणका लागि हिमालय मा.वि. दाजेलाई छनोट गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकालाई आ.व. २०७७/७८ को स्वीकृत कार्यक्रम अनुसार कर्णाली प्रदेश सरकारबाट समानीकरण अनुदान तर्फ प्राप्त बजेट देहाय बमोजिमका आयोजनाहरुमा विनियोजन गरियो ।

| क.सं. | आयोजनाको नाम | कार्यान्वयन हुने स्थान | बजेट रु. | कैफियत |
|---|---|---|---|---|
| १ | नदुवा-झारमारेसडक निर्माण तथा स्तर उन्नति | आठविसकोट नगरपालिका २ र ३ | ४० लाख | |
| २ | जँगारखोला- स्याँला स्वास्थ्यचौकी सडक निर्माण | आठविसकोट नगरपालिका २ | ४० लाख | |
| ३ | सडक मर्मत सम्भार | नगरपालिका क्षेत्रभरी | १५ लाख | |
| ४ | गिजागाड तटबन्धन निर्माण | हाल नगरपालिका भवन रहेको स्थान | ७ लाख | |
| जम्मा | | | १ करोड २ लाख मात्र | |

आठविसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठविसकोट, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

७. यस नगरपालिकामा संघिय सरकारबाट सशर्त अनुदानको रुपमा प्राप्त रैथाने बाली विकास कार्यक्रमको बजेट देहाय बमोजिमका कार्यक्रमहरुमा विनियोजन गर्ने निर्णय गरियो ।

| क.सं | कार्यक्रम/ क्रियाकलापकोनाम | स्थान | बजेट रु. हजारमा | कैफियत |
|---|---|---|---|---|
| १ | ७५ प्रतिशत अनुदानमा रैथाने बालि जस्तै कोदो, फापर, जौं तथा कागती ) को बिउ खरिदतथा ढुवानी कार्यक्रम | १, २ र ३ नं वडा | २०० | |
| २ | माटो परिक्षण ल्याव सञ्चालनको लागि (मिनी ल्याव) खरिद | नगरपालिका | ३५० | |
| ३ | रैथानेबाली उत्पादन तथा बजारीकरणमा सहयोग | १, २ र ३ नं. वडा | ३०० | |
| ४ | रैथाने वाली प्रविधी सम्बन्धी कृषक स्तरिय स्थलगत तालिम सञ्चालन कार्यक्रम | १ र ३ | १०० | |
| ५ | कार्यक्रम अनुगमन तथा भ्रमण खर्च | नगरपालिका | ५० | |
| जम्मा | | | १००० | |

८. यस नगरपालिकामा कर्णाली प्रदेश सरकारको सहयोगमा निर्माण गरिने जनता आवास कार्यक्रम अन्तरगत देहाय बमोजिमका वडाहरु र घरधुरी संख्या छनोट गर्ने निर्णय गरियो ।

| क.सं. | वडा नं. | स्थान | घरधुरी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ३ | खदी | २ | |
| २ | ६ | छिमि मन्का | २ | |
| ३ | ११ | धुरसेनी | २ | |
| ४ | १२ | ठुलीबार्खु | १ | |
| ५ | १३ | लटाहम्पा | २ | |
| ६ | ९ | नगरपालिका भवन नजिकै | १ | |
| जम्मा | | | १० | |

९. यस नगरपालिकामा गरिवी निवारणका लागि उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन/ कार्यान्वयन गर्न देहाय अनुसार गर्ने निर्णय गरियो ।

९.१ कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमका वडाहरु रहने गरी ३ वटा क्लष्टर निर्माण गर्ने निर्णय गरियो ।

| क्र.सं. | कलष्टर नं | संलग्न हुने वडाहरु |
|---|---|---|
| १ | १ | वडा नं १-६ |
| २ | २ | वडा नं ७-१० |
| ३ | ३ | वडा नं ११-१४ |

९.२ यस नगरपालिकाको भौगोलिक विशालता र विकटतालाई मध्येनजर गर्दै नगरपालिकाका सबै वडाहरुमा एकैसाथ कार्यक्रम सञ्चालन गर्नका लागी आवश्यक प्रक्रिया पुरा गरी **थप १ जना उद्यम विकास कार्यक्रम संयोजक** नियुक्त गर्ने निर्णय गरियो ।

९.३ यस नगरपालिकाको नगर स्तरिय उद्यम विकास समितिलाई देहायका सदस्यहरु रहने गरी पुर्नःगठन गरियो।

| क्र. सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | गोर्ख बहादुर के.सी. | संयोजक | |
| २ | ध्रुब प्रसाद लम्साल | सदस्य | |
| ३ | गंगाराम चनारा | सदस्य | |
| ४ | सिता शाह | सदस्य | |
| ५ | मनकला पुन | सदस्य | |
| ६ | कमल भट्टराई | सदस्य-सचिव | |

९.४ यस नगरपालिकामा सञ्चालित गरिवि निवारणका लागि उद्यम विकास कार्यक्रमको अनुगमन उप-समिति तपसिल बमोजिम गठन गरियो।

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | गिता नेपाली | संयोजक | |
| २ | प्रेङ्का यरी | सदस्य | |
| ३ | मान बहादुर बुढाथोकी | सदस्य | |
| ४ | शुशिला शाह | सदस्य | |
| ५ | कमल भट्टराई | सदस्य सचिव | |

९.५ यस नगरपालिकामा सञ्चालित गरिवि निवारणका लागि उद्यम विकाम कार्यक्रमको मुल्याङकन समितिको गठन तपसिल बमोजिम गरियो।

| क्र.स | नामथर | पद | कैफियत |
|---|---|---|---|
| १ | मान बहादुर बुढाथोकी | संयोजक | |
| २ | देव बहादुर केसी | सदस्य | |
| ३ | गणेश बहादुर थापा | सदस्य | |
| ४ | रत्न बहादुर परियार | सदस्य | |
| ५ | कमल भट्टराई | सदस्य-सचिव | |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

निमित्त प्रमुख प्रशासकीय अधिकृत

९.६ यस नगरपालिकामा सञ्चालित गरिवि निवारणका लागि उद्यम विकास कार्यक्रम  निम्न अनुसारको उद्यमीहरुलाई वडागत हिसाबले छनोट गरी तालिम सञ्चालन गर्ने निर्णय गरियो।

| वडा नं | संख्या (जना) | कैफियत |
|---|---|---|
| १ | ४ | |
| २ | ५ | |
| ३ | ६ | |
| ४ | ७ | |
| ५ | ८ | |
| ६ | ७ | |
| ७ | ७ | |
| ८ | ७ | |
| ९ | ७ | |
| १० | ७ | |
| ११ | १५ | |
| १२ | ८ | |
| १३ | ५ | |
| १४ | ७ | |
| जम्मा | १०० | |

९.७ यस नगरपालिकामा सञ्चालित गरिवि निवारणका लागि उद्यम विकाम कार्यक्रम (मेड्पा ) अन्तरगत **व्यवसाय सचेतता तथा सुरु तालिम** तपसिल बमोजिम सञ्चालन गर्ने निर्णय गरियो।

| वडा नं | मिति | सहभागी संख्या | स्थान | प्रशिक्षक |
|---|---|---|---|---|
| १, २ र ३ | २०७७/०९/२६ देखी २०७७/१०/६ सम्म | १५ | गाविस भवन स्याला | कविता बोहोरा |
| ४, ५ र ६ | २०७७/०९/२६ देखी २०७७/१०/६ सम्म | २२ | चित्रिपाटन विद्यालयकोभवन | हिमाल बुढा |

निमित्त प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ७,८,९ र१० | २०७७/१०/११ देखी २०७७/१०/२० सम्म | २८ | नगरपालिका हल | हिमाल बुढा |
| ११,१२,१३ र१४ | २०७७/१०/११ देखी २०७७/१०/२० सम्म | ३५ | लक्षित वर्गको भवन | कविता बोहोरा |

✓ मेड्पा कार्यक्रमको व्यवसाय सचेतता तथा सुरु तालिम सञ्चालनका निमित्त आवासिय तालिम सञ्चालन हुने भएकोले खाजा खर्च वापत प्रति सहभागी रु २५०/-दिने निर्णय गरियो।

✓ आठविसकोट नगरपालिका वडा नं ६ रुकुम पश्चिममा बस्ने अति विपन्न वादी समुदायहरुको लागी उद्यम घर निर्माण गर्ने निर्णय गरियो।

✓ स्तरोन्नती तालिम अन्तरगत कर्णाली काष्ठ उद्योग तथा कर्णाली अर्गानीक उद्योगमा कार्यरत मजदुरहरुको क्षमता वृद्धि गर्न एडभान्स सीप विकास तालिम सञ्चालन गर्न रु. ३/३ लाख रकम विनियोजन गर्ने निर्णय गरियो।

✓ समुहमा प्रविधि हस्तान्तरण कार्यक्रम अन्तरगत कर्णाली अर्गानिक उद्योगलाई प्रविधि हस्तान्तरण गर्ने निर्णय गरियो।

१०. यस नगरपालिकाको साझेदारीमा सञ्चालन गर्ने गरी स्थापना गर्न लागिएको क्रसर उद्योगमा यस नगरपालिकाको तर्फबाट लगानी गर्न बजेट अभाव भएको तथा साझेदारीको लागि कसैले पनि चासो नदेखाएकोले सो उद्योग स्थापना गर्न सम्भव देखिएन। तसर्थ, सो उद्योग स्थापनाको लागि यस नगरपालिकाको मिति २०७६/११/२२ मा प्रकाशित ठेक्का सुचना नं. NCB/AMO/G-10/2076/077 बमोजिम **श्री टेक डिपोट प्रा.लि. काठमाडौंले** यस नगरपालिकासँग मिति २०७७/०१/२९ गरेको ठेक्का सम्झौता रद्द गरी कार्य सम्पादन जमानतबाट पेश्की वापतको रकम कट्टा गरी बाँकी रकम फिर्ता दिने निर्णय गरियो ।

११. यस नगरपालिकामा स्थापना भएका विभिन्न उद्योगहरुको दिगो व्यवस्थापन एवम् सञ्चालनका लागि जग्गा व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण, उपकरण खरिद लगायतका कार्यहरु गर्न आवश्यक पर्ने रकम **पर्यटन, उद्योग, वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेशमा** माग गर्ने निर्णय गरीयो ।

१२. उद्योग तथा उपभोक्ताहित संरक्षण कार्यालय, रुकुम पश्चिमबाट सञ्चालन गरिने सिप विकास तालिममा देहाय बमोजिम सहभागी संख्या, तालिमको विषय र स्थान छनोट गर्ने निर्णय गरियो ।

| वडा नं. | सिप विकास तालिम(मुढा तथा बाँस जन्य वस्तु उत्पादन) | | कोभिड १९ विशेष रोजगारीमुलक तालिम (किवि खेती) | | कैफियत |
|---|---|---|---|---|---|
| | वडागत सहभागी संख्या | तालिम सञ्चालन हुने स्थान | वडागत सहभागी संख्या | तालिम सञ्चालन हुने स्थान | |
| १ | १ | आठविसकोट नगरपालिका, रुकुम पश्चिम | १ | २, ५, १० र १२ नं वडा | |
| २ | २ | | २ | | |
| ३ | २ | | २ | | |
| ४ | १ | | १ | | |
| ५ | २ | | २ | | |
| ६ | २ | | २ | | |
| ७ | १ | | १ | | |
| ८ | २ | | २ | | |
| ९ | २ | | २ | | |
| १० | २ | | २ | | |
| ११ | ३ | | ३ | | |
| १२ | २ | | २ | | |
| १३ | १ | | १ | | |
| १४ | २ | | २ | | |
| | २५ | | २५ | | |

ध्रुव प्रसाद लम्साल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

ध्रुव प्रसाद लम्साल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

१३. यस नगरपालिकामा विभिन्न स्वास्थ्य संस्थाहरु मार्फत निःशुल्क वितरण हुने औषधीहरु खरिदका लागि संघीय सरकारबाट सशर्त अनुदान अन्तर्गत प्राप्त भएको रु. १५ लाख रकमको नियमानुसार खरिद प्रक्रिया पूरा गरी **प्रशंसा फार्म, बाँफीकोट गाउँपालिका १०, रुकुम (पश्चिम)सँग** औषधी समेत खरिद गरी सकिएको छ ।औषधी खरिदका लागि नगरपालिकासँग बजेट अभाव भएको र औषधी खरिद तथा आपूर्तिको जिम्मा पाएको फार्मले प्रचलित बजार मुल्यको तुलनामा महङ्गोमा औषधी उपलब्ध गराएका कारण उक्त फार्मसँग थप औषधी खरिद गर्न नसकिने भएकोले औषधी खरिद गर्न गरिएको ठेक्का सम्झौता रद्द गर्ने निर्णय गरियो ।साथै, खरिद गरिएको मौज्दात औषधीले २०७७ माघ महिनासम्म मात्र पुग्ने देखिएको र सो भन्दा पछी चालु आ.व.को ५ महिनाको लागी आवश्यक पर्ने थप औषधी खरिद गर्न नगरपालिकाको आन्तरिक श्रोतबाट आगामी आ.व. २०७८/७९ बाट समेत भुक्तानी हुने गरी तत्काल खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

१४ **शिक्षा, युवा तथा खेलकुद शाखासँग सम्बन्धित देहाय बमोजिमका निर्णयहरु गरियो ।**

१४.१ यस नगर कार्यपालिकाको मिति २०७७/०३/१३ गतेको निर्णयानुसार श्री बालहित आधारभूत विद्यालय माझगाउँ, आठविसकोट नगरपालिका-१४, रुकुम (पश्चिम) लाई आधारभुत तह (कक्षा १-३) सञ्चालन अनुमति प्राप्त भएकोले सो विद्यालय मर्ज हुनु पूर्व उक्त विद्यालयमा रहेका प्रा.वि.तह राहत शिक्षक दरवन्दी कट्टी भई श्री जनविकास माध्यमिक विद्यालय टाकुरा, आठविसकोट नगरपालिका-१४ रुकुम (पश्चिम) मा पदस्थापन भएका प्रा.वि.तह राहत शिक्षक श्री विन्दु कुमारी शाह र श्री यमुना कुमारी मल्ललाई श्री जनविकास माध्यमिक विद्यालय टाकुराबाट दरवन्दी कट्टी गरी हाल विद्यालय सञ्चालन अनुमति प्राप्त गरेको श्री वालहित आधारभूत विद्यालय माझगाउँ, आठविसकोट नगरपालिका-१४, रुकुम (पश्चिम) मा पदस्थापना गर्ने निर्णय गरियो ।

१४.२ यस नगरपालिकाको श्री जनविकास माध्यमिक विद्यालय टाकुरा, आठविसकोट नगरपालिका-१४, रुकुम (पश्चिम) का २ वटा प्रा.वि. तह राहत शिक्षक दरवन्दी श्री बालहित आधारभूत विद्यालय माझगाउँमा पदस्थापना गरिएकोले हाल उक्त विद्यालयको माग र आवश्यक्तालाई मध्यनजर गरी रिक्त हुन आएको २ वटा दरवन्दी मध्ये १ वटा प्रा.वि. तहको र १ वटा मा.वि. तहको करार स्वयंसेवक शिक्षक दरवन्दी सिर्जना गर्ने निर्णय गरीयो।

१४.३ यस नगरपालिकाको १४ नं.वडा स्थित श्री जनविकास माध्यमिक विद्यालय टाकुराको रिक्त मा.वि. तह नेपाली विषयको करार स्वयमसेवक शिक्षक पदमा यस अघि प्राथमिक तहको करार स्वयमसेवक शिक्षक पदमा सेवारत शिक्षक श्री कर्णवहादुर मल्ललाई पदस्थापना गर्ने निर्णय गरियो ।

ध्रुव प्रसाद लम्साल
निमित्त प्रमुख प्रशासकीय अधिकृत

१४.४ यस नगरपालिकाका विद्यालयहरुमा कोभिड-१९ को कारण शैक्षिक सत्र २०७७ को बैशाख देखि पठनपाठन अवरुद्द भएकोमा मिति २०७७ कार्तिक १ देखि शनीबार समेत विद्यालय सञ्चालन गर्ने गरी पठनपाठन कृयाकलापमा संलग्न नगर करार स्वयमसेवक शिक्षकहरुलाई शनिबारको हाजिरी भएको प्रमाणका आधारमा मिति २०७७ पुष मसान्त सम्म थप एक दिन बराबरको तलव सुविधा नगरपालिकाको आन्तरिक स्रोत/उपयुक्त शिर्षकबाट भुक्तानी दिने निर्णय गरीयो साथै नेपाल सरकारको मन्त्रिपरिषदको निर्णय अनुसार शैक्षिक सत्र २०७७ को समयावधि २०७८ असार मसान्त सम्म निर्धारण गरिएकोले यस नगरपालिका क्षेत्र भरीका विद्यालयहरुमा मिति २०७७ माघ १ गते देखि साविक वमोजिम नै विद्यालय सञ्चालन गर्ने निर्णय गरियो।

१४.५ यस नगरपालिकाको मिति २०७७।०७।०१ गते बसेको ५३ औं नगर कार्यपालिका बैठकले गरेको शिक्षकको काज सरुवा सम्बन्धी निर्णय रद्द गरी देहाय बमोजिम काज फिर्ता गर्ने निर्णय गरियो ।

| क.सं. | शिक्षकको नाम थर | कार्यरत विद्यालयको नाम | काज फिर्ता भएको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १. | श्री दल बहादुर शाह | श्री हिमालय मा वि दाजे | श्री बालकल्याण मा वि राडी | |
| २. | श्री रमेश कुमार शाही | श्री बालकल्याण मा वि राडी | श्री हिमालय मा वि दाजे | |

१४.६ श्री कालिका माध्यमिक विद्यालय सुन्दरपानी, आठविसकोट नगरपालिका ९ रुकुम (पश्चिम) को प्रा.वि. तह नगर करार स्वयमसेवक शिक्षक पदमा मिति २०७६/११/६ गते नियुक्त शिक्षक श्री लक्ष्मी शाहको सेवा करार सम्झौता अन्तर जिल्ला सरुवा रोक्का फुकुवा भएको मिति देखि लागू हुने गरी रद्द गर्ने निर्णय गरियो ।

१५ यस नगरपालिकाको आ.व.२०७७/०७८ को स्वीकृत वार्षिक विकासकार्यक्रम (लक्षित वर्ग विशेष) को बजेट देहाय बमोजिम विनियोजन गर्ने निर्णय गरियो ।

१५.१ यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक नं. २५५२९ मा उल्लेखित विपन्न वर्गका ज्येष्ठ नागरिकका लागि न्यानो कपडा वितरण शिर्षकबाट यस नगरपालिका भित्र स्थायी बसोबास गर्ने ज्येष्ठ नागरिकका लागि न्यानो कपडा खरिद तथा आपूर्ति गर्न इच्छुक व्यक्ति, फर्म, सप्लायर्ससँग सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कोटेसन विधीबाट खरिद गर्न आवश्यक खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो ।साथै, सो शिर्षकबाट न्यानो कपडा खरिदका लागि बजेट अभाव हुने देखिएमा अन्य उपयक्त शिर्षकबाट समेत रकम भुक्तानी दिने निर्णय गरियो ।

दिने निर्णय गरियो ।

१५.२ यस नगरपालिकाको स्वीकृत आ.व. २०७७/०७८ को बजेट तथा कार्यक्रममा उल्लेखित खर्च शिर्षक नं. ३११५९, नगरपालिका स्तरिय महिला सेवा केन्द्र (सेभ हाउस)को लागि जग्गा खरिद तथा डिजाइन स्टीमेट निर्माणका लागी विनियोजित रु. १६ लाख मध्येबाट नगरपालिका स्तरिय सामुदायिक महिला भवन निर्माण गर्न देहायमा उल्लेखित मापदण्डका आधारमा आ.व. २०७८/०७९ मा समेत नपुग बजेट व्यवस्था गर्ने गरी जग्गा खरिद गर्न आवश्यक खरिद प्रक्रिया अघि बढाउने निर्णय गरियो।

<u>नगर स्तरिय सामुदायिक महिला भवनको जग्गा खरिदका लागि आवश्यक पर्ने मापदण्डहरु</u>

क. जग्गाको क्षेत्रफल ३००- ५०० वर्ग मिटरको मिलेको प्लट हुनु पर्ने ।

ख. बाटोको निकास भएको ।

ग. नेत्रचोक देखि हाइस्कुल रोडको दायाँबाँया, वा

घ. हाल नगरपालिकाको प्रशासनिक भवन रहेको स्थान देखि नमुना विद्यालयसम्मको सडकको दाँयाबाँया, वा

ङ सिमबजार देखि सिमलबोट सडकको दाँयाबाँया, वा

च. गोइरी र बधशालाको दोबाटो रहेको क्षेत्रको दाँयाबाँया ।

१५.३ यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको खर्च शिर्षक नं. २२५२९ मा उल्लेखित नगरपालिका क्षेत्र भित्रका अनाथ, असहाय बालबालिकाको व्यस्थापनमा विनियोजित बजेटबाट यस नगरपालिकाको ११ नं. वडामा निर्माण भएको **सिस्नेहिमाल बाल गृहको** नयाँ भवनमा अनाथ तथा असहाय बालबालिकाहरुको आवश्यक बन्दोबस्तीका सरसामान खरिद तथा पढाइ खर्च व्यवस्थापन गर्ने कार्यमा विनियोजन गर्ने निर्णय गरियो ।

आठबिसकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय आठबिसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

निमित्त प्रमुख प्रशासकीय अधिकृत

१५.४. यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक नं. ३११५९ मा उल्लेखित अति विपन्न, गरिब, महिला समूहका लागि भौतिक संरचना निर्माण, जग्गा खरिद तथा मेसिनरी औजार खरिद तथा वितरण शिर्षकको बजेट रकम रु. १,८४,२८५।७१ का दरले वडागत रुपमा बाँडफाँट गर्ने निर्णय गरियो ।

१५.५ यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक नं. २२५१२ मा उल्लेखित नारी दिवस समूह समिति अनुशिक्षण कार्यक्रमको बजेटमा उल्लेखित सबै रकम <u>लैगिक हिंसा निवारण कोषमा</u> जम्मा गर्ने निर्णय गरियो ।

१५.५ यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक नं. ३११२२ मा उल्लेखित सहिद परिवारलाई सम्मान तथा सामग्री वितरण कार्यक्रमको बजेट रु. ६ लाख रकम मध्येबाट रु. १ लाखको उपहार वितरणका लागि सामान खरिद गर्ने र सामुदायिक महिला भवनको जग्गा खरिद गर्न तोकीएको क्षेत्रमा **सहिद स्मृती प्रतिष्ठानको** भवन निर्माण गर्न आगामी आ.व. २०७८/०७९ मा समेत नपुग बजेट व्यवस्था हुने गरी करिव ३००-५०० वर्गमिटर क्षेत्रफल भएको जग्गा खरिद गर्न चालु आ.व. मा रु. ५लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

१५.६ यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक नं. २२५१२ मा उल्लेखित दलित नेतृत्व विकास तथा कानुनी परामर्श सम्बन्धी गोष्ठी तथा प्रशिक्षण सञ्चालन कार्यक्रमको शिर्षक संशोधन गरी नगर स्तरिय दलित प्रोफाइल निर्माण गर्ने निर्णय गरियो ।

१५.७ यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक नं. २२५२९ मा उल्लेखित दलित समुदायमा रहेको सीप कला प्रवर्द्धन तथा संरक्षण कार्यक्रमको रकम सबै वडाहरुमा रु. ५० हजारका दरले वडागत वितरण गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

१५.८ यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक नं. ३११५९ मा उल्लेखित अपाङ्ग तर्फको कार्यक्रमको रकम सबै वडाहरुमा रु. २५ हजारका दरले कार्यक्रम गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

१५.९ यस नगरपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको शिर्षक नं. ३११५९ मा उल्लेखित जनजाति तर्फको कार्यक्रमकं वडाहरुमा रु. ३० हजारका दरले कार्यक्रम गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

१६. आठविसकोट नगरपालिकाको <u>लैंगिक हिंसा निवारण कोष सञ्चालन कार्यविधी, २०७७</u> सर्वसम्मतिले पारित गरियो ।

१७. यस नगरपालिकामा कोभिड-१९ रोकथामका लागि विभिन्न स्थानमा क्वारेन्टाइन स्थापना/सञ्चालन खर्च र विपद व्यवस्थापनमा खटीएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र कर्मचारीलाई जोखिम भत्ता उपलब्ध गराउन विपद व्यवस्थापन कोषमा रकम अभाव भएकोले उक्त रकम उपयुक्त बजेट शिर्षकबाट रकमान्तरण गरी भुक्तानी दिने निर्णय गरियो।

१८. सिँचाई, खानेपानी तथा उर्जा विकास कार्यालय, रुकुम (पश्चिम)मा यस नगरपालिकाको लागि मौज्दातमा रहेका खानेपानीका पाईपहरु र विजुलीका खम्बाहरु उपलब्ध गराउनका लागि अविलम्व माग गर्ने र सो सामान ढुवानीका लागि नगरपालिकाको आफ्नै ढुवानीका साधन प्रयोग गर्ने निर्णय गरीयो ।

१९. यस नगरपालिकाको युवा तथा खेलकुद विकास समिति मार्फत नगरपालिकाका वडाहरु तथा सबै मा.वि./ नि.मा.वि.हरुमा नियमानुसार खरिद गरि वितरण गरिएका खेलकुद सामग्रीको विल अनुसारको रकम उपयुक्त बजेट शिर्षकबाट भुक्तानी दिने गरियो।

२०. आ.व. २०७५/०७६को स्वीकृत वार्षिक विकास कार्यक्रम अनुसार आठविसकोट नगरपालिका र श्री बधशाला जाने बाटो निर्माण उपभोक्ता समितिसँग भएको सम्झौता अनुसारका शर्तहरु बमोजिम समयमै काम सम्पन्न गरी अन्तिम भुक्तानी दिंदा कार्यालयको भुलबस फरफारक वापत कट्टी हुने रकम बहाल कर कट्टी भई मुल खातामा जम्मा हुन गएकोले सो रकम धरौटी खातामा रकमान्तर गरी भुक्तानी दिने निर्णय गरीयो ।

२१. यस नगरपालिकाको पशु सेवा केन्द्र, आठविसकोटमा रहेको कार्यालय सहयोगी पद लामो समय देखि रिक्त भई कार्यालयको कामकाज प्रभावित भएको कारणले अर्को व्यवस्था नभएसम्मका लागि सो पदमा सेवा करारबाट कार्यालय सहयोगी नियुक्त गर्ने निर्णय गरियो ।

२२. यस नगरपालिकाको ९ नं वडाको पिपलबोट नजिकै टिकट काउन्टर रहेको स्थानमा आठविसकोट नगरपालिकाको आर्थिक ऐन, २०७७ मा उल्लेखित वहाल विटौरी करको दरमा नियमानुसार केही जमिन हरेक आर्थिक वर्षको असोज देखि असार मसान्तसम्मका लागि भाडामा दिने निर्णय गरियो ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत